# काभ्रेपलाञ्चोकको
# सम्भावना, चुनौति र भविष्य

प्रस्तोता : रामप्रसाद हुमागाई
फोन : ९८५१०५८१४३

मिति : २०८२ चैत २८ गते

# इतिहासमा काभ्रेपलाञ्चोक

गौरवशाली इतिहास तर गुमनाम सधै राजधानीको ओझेलमा

गौतम बुद्ध जन्मनी अघिको नमोबुद्ध

उन्नत किराँती सभ्यताको संकेत

लिच्छवीहरु राजधानी छिर्नुअघि (खुपासी) आधार क्षेत्र शुरुमा उद्योग व्यापार पछि सैन्य तयारी ।

किराँत शासकमाथि विजय र लिच्छवी डाइनेस्टी शुरुवातको सम्भावना (प्रमाणित इतिहास छैन)



# काभ्रेलीको आँखामा काभ्रेपलाञ्चोक



पाँचखाल खुपासीमा पलाञ्चोक लिच्छवी अभिलेख विशाल सभ्यताको अनुमान तर वैज्ञानिक खोज जरुरी

भृकुटी र अरनिको (राष्ट्रिय विभूति)को जन्मथलो हुन सक्ने
(ऐतिहासिक खोजी अपुग छ )

दुई उत्तरी (चीन तिब्बत र दक्षिणमा भारत) हुँदै एसियाका अन्य विशाल साम्राज्यसँगको व्यापार मार्ग काभ्रे भएर हुने हुँदा मध्यकालमा विकसित सभ्यता भएको अनुमान गर्न सकिन्छ ।

मध्यकालीन शहरी सभ्यता
पनौती टौखाल बनेपा धुलिखेल नाला
आधुनिक इतिहासमा लडाका वीर सैनिकको कर्मभूमि

शक्तिशाली तामाङ राज्य तेमाल ।

NotebookLM

# तर आजको यथार्थ के छ ?

तलको फोटो कथामा हेरौं
यो एउटा सानो तर
प्रतिनिधि मूलक उदाहरण हो ।

पनौती २ नयाँगाउँ । मेरो जन्मथलो
बाह्र वर्ष अघि यस्तो सुन्दर भूदृश्य
(Landscape ) थियो ।
ढुङ्गा खानी खुल्यो, बाटो बन्यो
खानीबाट केहीले पैसा पाए । गाउँमा
मोटर पुग्यो । हामी खुशी नै थियौं ।



NotebookLM

# १२ वर्ष अघिको चिटिक्क ल्याण्ड स्केप भएको नयाँ गाउँ




ढुङ्गा खानी , मोटर बाटो ।

२०८१ साल असोजमा मेरो सुन्दर जन्मथलो समाचारको हेडलाइन बन्यो ।






## तर २०८१ असोजमा ती खुशी र हाम्रा विकास सबै बगे।





# विकास र विनाश कहाँ छौं हमी ?


NotebookLM

# विकासको दृष्टिले मेरो विचारमा दुईवटा काभ्रेपलाञ्चोक छ

**समूह क**

## उत्तर पश्चिमी भेग अर्थात ‘ग्लोबल नर्थ’

बनेपा पनौती धुलिखेल र पाँचखाल र मण्डनदेउपुर नगरपालिकाका केही भाग




**समूह ख**

## दक्षिण पूर्वका गाउँपालिका ‘ग्लोबल साउथ’


NotebookLM

# कसरी हामी यो अवस्थामा पुग्यौं ? हामी कहाँ चुक्यौं, सम्भावना, चुनौती र भविष्य के छ ?

क्यानेडियन प्रोफेसर तथा अर्बन प्लानर जोन फ्राइडमस्यानले १९६६ मा प्रतिपादित
कोर एण्ड पेरिफेरीको मोडलबाट हेरौं John Friedmann को कोर र पेरिफेरी सिद्धान्त अनुसार

## कोर (Core)

विकसित, शक्तिशाली, उद्योग व्यापार, रोजगारी पूँजी र प्रविधि केन्द्रित हुन्छ ।




## पेरिफेरी (Periphery)


कम विकसित, स्रोत कच्चा पदार्थ श्रम कोरमा पठाउँछ वा कोरले 'दोहन' गर्छ ।

*(काभ्रेले ठूलो परिमाणमा दूध, तरकारी र दैनिक सयौं टिपर पठाउँछ । श्रमिक काभ्रे सेवा समाजका सदस्य हामी त्यही काभ्रेले जन्माएर श्रमका लागि पठाएका काभ्रेलीको समूह हो । )*

NotebookLM

# उत्पादन र वितरणको सम्बन्ध _

विकास सधैं कोरबाट शुरु हुन्छ, क्रमशः फैलिन्छ । विकास र वितरण प्रणालीमा असमानता रहन्छ । अहिले काभ्रे र काठमाडौंबीच र उत्तर पश्चिम र बाँकी काभ्रेबीचको विकासमा असमानता छ ।




**Impact Box : यस सँगै पूँजी काभ्रे गएको छ जीवनस्तरमा तुलनात्मक रुपमा सुधार पनि भएको छ तर गाउँमा मानवीय गतिविधि घट्दै छ वन्यजन्तुको भय बढ्दो छ ।**

NotebookLM





## पहिलो चरण: पूर्व–औद्योगिक समाज (Pre–Industrial Society)

स्थानीय अर्थतन्त्र, साना–साना बस्तीहरू र न्यून गतिशीलता पाइन्छ।

संरचना: धेरै साना र स्वतन्त्र केन्द्रहरू हुन्छन् जसबीच न्यून अन्तरक्रिया हुन्छ, कुनै एउटा क्षेत्रको प्रभुत्व हुँदैन, र अर्थतन्त्र मुख्यतः कृषिमा आधारित हुन्छ।

काभ्रे र काठमाडौंमा खासै अन्तर थिएन । कृषिमा आधारित अर्थतन्त्र थियो बनेपा धुलिखेल पनौती ससाना बस्ती थिए ।




## दोस्रो चरण: संक्रमणकालीन समाज (केन्द्र–शहरीकरण)

(Transitional Society Core–Urbanization)

यस चरणमा औद्योगिकीकरणको सुरुवातसँगै अर्थतन्त्र तीव्र रूपमा केन्द्रीकृत हुन थाल्छ र एउटा प्रमुख केन्द्र (core) विकसित हुन्छ ।

संरचना : एउटा 'विकास केन्द्र' (Growth pole) देखा पर्छ जसले पूँजी, श्रम र स्रोतहरूलाई परिधिबाट (Periphery) आकर्षित गर्छ । यसले विकसित हुँदै गएको केन्द्र र अविकसित परिधिबीच गहिरो असन्तुलन सिर्जना गर्छ ।

**(हामी दोस्रो र तेस्रो चरणको बीचमा छौं )**

NotebookLM




## तेस्रो चरण

अर्थतन्त्रको विस्तारसँगै विकासको फैलावट (Diffusion) हुन्छ । केन्द्रमा श्रम र जमिनको लागत बढेपछि उद्योगहरू परिधितिर सर्न थाल्छन् ।

संरचना:
परिधीय क्षेत्रहरू पनि विकास हुन थाल्छन् । केन्द्रबाट विकेन्द्रीकरण हुन्छ, यातायात सञ्जाल विस्तार हुन्छ, र केन्द्र–परिधिबीचको सम्बन्ध बलियो बन्दै जान्छ । शहरी प्रणाली अझ आपसमा जोडिएको हुन्छ ।




## चौथो चरण

## उत्तर–औद्योगिक समाज (Post–Industrial Society)

सम्पूर्ण प्रणाली पूर्ण रूपमा एकीकृत हुन्छ र क्षेत्रीय असमानता उल्लेखनीय रूपमा घट्छ ।

संरचना: विकास विभिन्न उदयमान शहरहरूको सञ्जालमार्फत विकास फैलिन्छ । केन्द्र र परिधिबीचको भिन्नता कम हुँदै जान्छ, र अर्थतन्त्र सेवामुखी हुन्छ ।

NotebookLM

# लेसन लर्न

- सन्तुलित विकास नभएमा आफ्नो मौलिक सांस्कृतिक, भौगोलिक र ऐतिहासिक पहिचान गुम्न सक्छ।
- प्रकृति र वातावरणमा गम्भीर क्षति पुग्न सक्छ ।
- काभ्रेपलाञ्चोकका धेरै भाग 'विस्तारित काठमाडौं' (काठमाडौं कस्मोपोलिटन सिटी) को हिस्सा बन्नेछन्।
- हामीले देखेका अन्य खोलानालाहरू ढलमा परिणत हुन सक्छन् र वनजङ्गल नाङ्गा डाँडामा बदलिन सक्छन्।
- हरिया फाँटहरू बिस्तारै कङ्क्रिटको जङ्गलमा परिणत हुने जोखिम छ।
- योजनाबद्ध रूपमा काम नगरिएमा काभ्रेपलाञ्चोकको पहिचान 'ग्रेटर काठमाडौं' भित्र बिलिन हुनेछ।

# काभ्रे जिल्लाको स्वोट (SWOT) विश्लेषण

✓ राजधानी नजिक एउटा राजमार्ग र पाँचवटा सडकले जोडेको छ ।
✓ उत्पादन राजधानीमा पठाउन बजारको सम्भावना
✓ रोजगारीको सम्भावना भएको स्थान
✓ विविधतायुक्त भूगोल , धार्मिक सांस्कृतिक विविधता
✓ महाभारत जंगल, उब्जाउ फाँटहरू, रोशी लगायतका नदीनाला
✓ पर्याप्त प्राकृतिक विविधता छ छ ।

NotebookLM

| सबल पक्ष | दुर्बल पक्ष |
| --- | --- |
| तीन राजमार्ग अरनिको बीपी र मध्यपहाडी राजमार्गले छुने हुँदा हाइवे इकोनोमीको केही फाइदा पुग्न सक्छ । | अव्यवस्थित बसोबास नगरपालिकाले योजनाबद्ध वस्ति विकास भएको छैन |
| नगरकोट र धुलिखेल लाँकुरी भञ्ज्याङ जस्ता पर्यटकीय स्थान हुनु । | प्राकृतिक साधनको असन्तुलित दोहन बढ्दो छ । |
| पनौती, दाप्चा, कोटतेमाल, मण्डन, बनेपा, खोपासी, शंखु, जस्ता ऐतिहासिक, नमोबुद्ध जस्ता पर्यटकीय सम्भावना बोकेका स्थान छन् । | दुर्गम स्थान आधारभूत आवश्यकता अभाव गुणस्तरी जीवन छैन । |
| काठमाडौं विश्वविद्यालय धुलिखेल अस्पताल बहु प्राविधिक महाविद्यालय छन् जसले भविष्यमा शैक्षिक तथा स्वास्थ्य हब बन्न सक्छ । | उच्च राजनीतिक तथा सामाजिक चेतनाको कमी |
| | बेरोजगारी बढ्दो उद्यमशीलता र कृषिप्रति विश्वास छैन । |
| | कृषि पर्यटन लगायतका क्षेत्रबाट अपेक्षित फाइदा लिन सकिएका छैन . |

NotebookLM

# जोखिम/चुनौती

काभ्रेपलाञ्चोक जिल्लाका पश्चिमी भेग नाला बनेपा पनौती राजधानीको विसरित प्रशासनिक एकाइ बन्न सक्ने सम्भावना छ ।

तीब्र शहरीकरण अव्यवस्थित शहर बन्ने जोखिम

मौलिक पाटी पौवा मठ मन्दिर कुवा मासिदै सांस्कृतिक पर्यावरणीय विनाश हुँदै ।

बढ्दो प्रकृति माथिको दोहनले अकल्पनीय प्राकृतिक विपत्ती निम्त्याउँदै छ

परम्परागत सामाजिक सद्भाव र सौहार्दता मासिदै मानिस मानिसको दूरी बढ्दै

वैदेशिक रोजगारी र यसले ल्याउन सक्ने पारिवारिक समाजिक विचलन ।

NotebookLM

# समाधान के ? कासेसको भूमिका कहाँ ?

## विकासमा सन्तुलन ल्याउन सही योजना र नीति आवश्यक हुन्छ ।
## काभ्रेको समस्या यहीं हो कासेसले सन्तुलित र दिगो विकासका लागि पुलको काम गर्न सक्छ

नीति योजना निर्माणमा बहस र पैरवी गर्न सक्छ ।

अनुभवी थिंक ट्याङ्कको भूमिका निर्वाह गर्न सक्छ

काभ्रेका स्थानीयतह हरुबीच एकीकृत योजना र विकासमा समन्वय पहल गर्न सक्छ ।

संघीय र प्रदेश सरकारासँग काभ्रेका स्थानीय सरकारलाई जोड्न पुल बन्न सक्छ

Thank you

NotebookLM


धन्यवाद